# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# नलगाड नगरपालिका
# जाजरकोट




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्या:२०७६/७७
च.नं — ६३

मितिः २०७७/३/२८

श्री नगर प्रमुखज्यू,
नलगाड नगर कार्यपालिकाको
कार्यालय, दल्ली जाजरकोट ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश)


पत्र संख्या: २०७६।७७
च.नं. – ६२

मिति: २०७७।३।२८

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू,
नलगाड नगर कार्यपालिकाको
कार्यालय, दल्ली जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु १ करोड ४२ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ९० लाख ८१ हजार, नियमित गर्नुपर्ने रु. ४७ लाख ८ हजार र पेश्की बाँकी रु ४० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एक्काईस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२८

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# नलगाड नगरपालिका, जाजरकोट
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १३ वडा, ७० सभा सदस्य रहेका छन् । २८०.६ व.की.मी. क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या करीब ३४३८५ रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| आयतर्फ | | | व्ययतर्फ | |
|---|---|---|---|---|
| सि. नं | विवरण | रकम | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | चालु खर्च | |
| | क) नगद | | वित्तीय समानिकरण चालु | ६१९०१०५१.०० |
| | ख) बैंक | ४६०५२१७१.५९ | सशर्त अनुदान | १५९६७३२९१.०० |
| २ | राजस्व (आन्तरिक आय) | | सामाजिक सुरक्षा | ३६३३२२००.०० |
| | क) आन्तरिक राजस्व | ५६८५४५५.०० | गरिव संग विश्वेश्वेर | ७३७०००.०० |
| ३ | वित्तीय हस्तान्तरण | | स्थानीय पूर्वाधार विकास | ६९००६८७.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ८९१०००००.०० | प्रदेश तथा स्थानीय तर्फको क्षमता विकास | ३०५०००.०० |
| | ख) सशर्त अनुदान | | साना सिचाई स्विटजरल्याण्ड ए नगद अनुदान | ३१२१५५८.०० |
| | केन्द्रीय सशर्त अनुदान | १८६०६९०००.०० | झोलुंगे पुल संरक्षण तथा विकास | ४९६४०७५.०० |
| | जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा | ३६५१९०००.०० | प्रधानमन्त्री रोजगार | ४७२९०००.०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७२९०००.०० | बहुक्षेत्रीय पोषण नगरपालिका | ६८४३५५.०० |
| | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | बहुक्षेत्रीय पोषण सशर्त अनुदान | १६३४०००.०० |
| | गरिब सँग विश्वेश्वर कार्यक्रम | ७४७०००.०० | पूँजीगत खर्च | १२१२१४९६२.७२ |
| | साना सिचाई स्विटजरल्याण्ड ए नगद अनुदान | ३१२१५५८.०० | राहत कोष खर्च | १४१९१७७.०० |
| | स्थानीय पुर्वाधार विकास | ८२१७०००.०० | आन्तरिक आय कायक्रम खर्च | ४५७२१२५.०० |
| | झोलुंगे पुल संरक्षण तथा विकास | ५१४७०००.०० | डिजिटल स्कुल कार्यक्रम | १२५००००.०० |
| | डिजिटल स्कुल कार्यक्रम | १२५००००.०० | धरौटी फिर्ता | १६१८७५.०० |
| | बहुक्षेत्रीय पोष्ण कार्यकम | १६३४०००.०० | बेरुजु दाखिला | १३६१५१४७.०० |
| ४ | ग) राजश्व बाँडफाँड संघीय | ६७७४२४१७.०० | मौज्दात | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | क) बैंक मौज्दात (मुलखाता) | ३१३०५७२७.०८ |
| | क) वित्तीय समानीकरण अनुदान | ५२१००००.०० | ख) बैक मौज्दात चालु | ३८३७४५४.९५ |
| | राजस्व बाँडफाड प्रदेश | १४५२००.०० | ग) बैक मौज्दात पुजिगत | ५५९६१६७.८४ |
| ६ | अन्तर स्थानीय तहबाट प्राप्त | १७५००००.०० | घ) धरौटी बाँकी | ३०००.०० |
| ७ | धरौटी आय | १६४८७५.०० | ङ) कोष खाता बाँकी | ५१२४२३.०० |
| ८ | सडक वोर्ड नेपालबाट प्राप्त | ७५००००.०० | | |
| ९ | राहत कोष अन्य आम्दानी | १३१६००.०० | | |
| | **जम्मा** | **४६४४७०२७६.५९** | **जम्मा** | **४६४४७०२७६.५९** |

**केन्द्रीय राजस्व तर्फ**

| क्र.सं. | शीर्षक नं. | लगत हसबली समेत रु. | असुली रु. | दाखिला रु. | बाँकी रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | लगत | नगद |
| १ | बेरुजू | १५५२९५६५.०० | ०० | १५५२९५६५.०० | ०० | ०० |
| | जम्मा | १५५२९५६५.०० | ०० | १५५२९५६५.०० | ०० | ०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजू रकम रु. |
|---|---|---|
| | लेखापरीक्षणको क्रममा अग्रिम कर कट्टा गर्नुपर्ने कर वापतको रु. १९२४६६।०० र सशर्त तर्फको खर्च हुन बाँकी रु २८१०१७४७।०० तथा अग्रिम कर दाखिला हुन बाँकी रु १७१३०३६।०० समेत कूल रु. ३ करोड २८ हजार ४४९ राजस्व दाखिला भएको छ। | |
| १. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोष व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी भएको परिपत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को बूंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ। सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन। अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ। | |
| २. | **प्रोदभावी लेखा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले आय र खर्चको यथार्थ स्थितिको चित्रण गर्दैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन। कारोवारको लेखा सार्वजनिक लेखामान अनुसार राख्नु पर्दछ। | |
| ३. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा नगरपालिकाले यस सम्बन्धी अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| ४. | **न्यायिक समितिको वार्षिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ। समितिले यो वर्ष सम्पादन गरेका न्यायिक कार्यहरुको विवरण यस प्रकार छन्। आवश्यक जनशक्ति तथा स्रोत साधनको व्यवस्था गरी समयमा मुद्धा फछ्र्यौट गर्न समितिको ध्यान जानु पर्दछ। | |

| मेलमिलाप भएको मुद्धा संख्या | फैसला भएको मुद्धा संख्या | फछ्र्यौट हुन बाकी मुद्धाको संख्या | न्यायिक समितिमा दर्ता भएको जम्मा मुद्धा संख्या |
|---|---|---|---|
| १८ | १ | १७ | ३६ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजू रकम रु. |
|---|---|---|
| ५. | **न्यूनतम दररेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजन लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनु पन्ध्र दिन अगावै तोकिसक्नुपर्ने व्यवस्था छ। नगरपालिकाले न्यूनतम दररेट निर्धारण गरेको देखिएन र जिल्लाबाट निर्धारण गरिएको दररेटलाई आधार लिएको देखियो। ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नगरेको कारणले दररेट | |

निर्धारण नभएको देखिन्छ । आफ्नो क्षेत्रभित्रको न्यूनतम दररेट निर्धारण नहुंदा निर्माण लागत अनुमान तथा भुक्तानी कार्यमा यथार्थ एवं विश्वसनीयता कायम नहुन सक्दछ । ऐनमा व्यवस्था भए अनुसार नगरपालिकाले प्रत्येक वर्ष आफ्नो क्षेत्र भित्रको न्यूनतम दररेट निर्धारण गर्नुपर्दछ ।

६. **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने सम्बन्धमा व्यवस्था गरेको छ । नगरपालिकामा विभिन्न पदमा रहने कर्मचारी दरवन्दी ६९ रहे तापनि लेखापरीक्षण अवधि सम्म २४ को पदपूर्ति भएको छ । नगरपालिकाको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| क्र.स. | पदको नाम | दरबन्दी | पदपूर्ति |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत रा.प.द्वितीय | १ | रिक्त |
| २ | सि.डि.ई रा.प.(प्रा).द्वितीय सिभिल, जनरल वि.आ./स्यानीटरी सिंचाइ/ हाइवे वा वरिष्ट इन्जिनियर नवौं /दशौ | १ | रिक्त |
| ३ | शाखा अधिकृत रा.प. तृतीय प्र वा अधिकृत सातौ/आठौं | १ | १ |
| ४ | जनस्वास्थ्य अधिकृत सातौ/आठौ | १ | १ |
| ५ | अधिकृत (शिक्षा)/अधिकृत नबौ/दशौं | १ | रिक्त |
| ६ | अधिकृत (शिक्षा) सातौ/आठौ | १ | १ |
| ७ | लेखा अधिकृत रा.प.तृतीय | १ | रिक्त |
| ८ | इन्जिनियर रा.प.तृतीय (प्रा.) (सिभिल, जनरलर वि.आ.) वा इन्जिनियर सातौं/आठौं | १ | १ |
| ९ | अधिकृत (प्रशासन) छैटौ | २ | रिक्त |
| १० | आ.ले.प. अधिकृत (पाँचौ/छैटौ) | १ | रिक्त |
| ११ | प.हे.न. (पाँचौ/छैटौ) | १ | रिक्त |
| १२ | हेल्थ असिस्टेण्ट (पाँचौ/छैटौ) | १ | रिक्त |
| १३ | सहयक प्रशासन (चौथो/पाँचौ) | २० | ६ |
| १४ | प्रा.स. शिक्षा) पाँचौ | १ | रिक्त |
| १५ | लेखापाल रा.प.अनं प्रथम प्र./अधिकृत छैठौं/पाँचौं (लेखा) | १ | १ |
| १६ | कम्प्युटर अपरेटर (विविध) चौथो | १ | १ |
| १७ | सव इन्जिनियर रा.प.अनं ( सिभिल,हाइवे, सिचाइ, ) वा इन्जिनियर छैटौं सब. पाँचौ | ८ | २ |
| १८ | महिला विकास निरिक्षक (पाँचौ) | १ | १ |
| १९ | सह लेखापाल रा.प.अनं द्वितीय प्र./ सहायक चौथो / पाँचौं ( सलेखा) | १ | १ |
| २० | रा.प.अनं द्वितीय सहायक महिला विकास निरिक्षक | १ | रिक्त |
| २१ | अमिन (चौथो) | १ | १ |
| २२ | खरिदार रा.प. अनं द्वितीय सहायक चौथौं | १३ | ३ पूर्ति १० रिक्त |
| २३ | असिस्टेण्ट सव इन्जिनियर (चौथो) | ७ | ३ |
| २४ | प्राविधिक सहायक रा.प.अनं प्र. शिक्षा/सहायक पाँचौ | १ | रिक्त |
| **जम्मा** | | **६९** | **२४** |

उपरोक्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, लेखा अधिकृत, वडा सचिव लगायतका महत्वपूर्ण पदहरु लामो समयदेखि रिक्त रहेको देखिन्छ । जसबाट नगरपालिकाले प्रदान गर्ने सेवामा प्रत्यक्ष असर पार्ने देखिएकाले रिक्त दरबन्दी पदपूर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७. **कानून निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अन्तर्गत लेखापरीक्षण अवधि सम्ममा नगरपालिकाले ५९ वटा कानून तथा निमयावली तर्जुमा गरेकोमा यो वर्ष निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन ।

| क्र.स. | कानूनको नाम |
|---|---|
| १ | नलगाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ |
| २ | नलगाड नगरपालिकाको सहकारी ऐन, २०७५ |
| ३ | नलगाड नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ |
| ४ | नलगाड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ |
| ५ | नलगाड नगरपालिकाको अनाथ तथा जोखिमयुक्त वालवालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम ऐन, २०७५ |
| ६ | नलगाड नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने तथा उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ७ | नलगाड नगरपालिकाको संस्था दर्ता ऐन, २०७५ |
| ८ | नलगाड नगरपालिकाको विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ |
| ९ | नलगाड नगरपालिकाको बैठक तथा तालिममा सहभागीहरुलाई दिईने भत्ता सम्बन्धी मापदण्ड, २०७५ |
| १० | नलगाड नगरपालिकाको यान्त्रिक उपकरण सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ |
| ११ | नलगाड नगरपालिकाको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७५ |
| १२ | नलगाड नगरपालिकाको अपांग भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि, २०७५ |
| १३ | नलगाड नगरपालिकाको बाल विवाह न्यूनिकरण आचारसंहिता, २०७५ |
| १४ | नलगाड नगरपालिकाको व्यापारिक फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७५ |
| १५ | नलगाड नगरपालिकाको सरसफाई सम्बन्धी कार्यविधि, २०७५ |
| १६ | नलगाड नगरपालिकाको मोटरसाईकल प्राप्ति तथा प्रयोग सम्बन्धी कार्यविधि, २०७५ |
| १७ | नलगाड नगरपालिकाको मेलमिलाप कार्य सञ्चालन कार्यविधि, २०७५ |
| १८ | नलगाड नगरपालिकाको घट्ट दर्ता सम्बन्धी कार्यविधि, २०७५ |
| १९ | नलगाड नगरपालिकाको त्रिवर्षिय रणनैतिक योजना, २०७५ |
| २० | नगगाड नगरपालिकाको कृषि विकास कार्यक्र सञ्चालन कार्यविधि, २०७६ |
| २१ | नलगाड नगरपालिकाको न्यायिक समितिको कार्यविधि, २०७५ |
| २२ | नलगाड नगरपालिकाको संस्था दर्ता नियमावली, २०७५ |
| २३ | नलगाड नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५ |

८. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/०३/२६ मा नगरसभाबाट पारित वित्तीय सामानीकरण तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५७२०००० .०० | ५०८४०००.०० | ३.९% |
| २ | पर्वाधार विकास | ५९२६७४८०.०० | ५३८७२९२०.०० | ४१.२% |
| ३ | सामाजिक विकास | ३७६८७०००.०० | ३१३६७९५७.७२ | २४.०३% |
| ४ | वातावरण तथा | ५२५००००.०० | ५१५२०००.०० | ३.९% |
| ५ | संस्थागत विकास, | २६८१७५२०.०० | २५१२३११५.०० | २०.८३% |
| | **जम्मा** | **१३२७४२०००** | **१२०५९९९९२.७२** | **९०%** |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकास र सामाजिक विकासमा क्रमशः ४१.२ प्रतिशत र २४.०३ प्रतिशत बजेट खर्च भएको छ।

९. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२छ) मा व्यक्तिगत घटना, जन्म, मृत्यू, विवाह र तथ्यांकको अद्यावधिक गर्ने काम कर्तव्य र अधिकार स्थानीय तहलाई तोकेको छ । यो वर्ष नगरपालिकाले सम्पादन गरेका व्यक्तिगत घटना दर्ताको तथ्यांक यस प्रकार छ ।

| सि.न. | घटना विवरण | संख्या |
|---|---|---|
| १ | जन्मदता | २९५१ |
| २ | मृत्यू दर्ता | १४५ |
| ३ | बसाई सराई | ५५ |
| ४ | विवाह | २५८ |
| ५ | नागरिकता सिफारिस | ५३७ |
| ६ | अन्य सिफारिस | २२१७ |
| | **जम्मा** | **६१६३** |

१०. **योजना कार्यन्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनना बनाई लागु गर्नु पर्ने व्यवस्था छ । नगरपालिको यो वर्ष वित्तीय समानिकरण तथा राजस्व बाँडफाड अनुदानको स्रोत बाट व्यहोरिने गरी निम्नानुसार ३३८ योजनाहरु मध्ये २९७ योजनाहरु रु १० लाख भन्दा न्युन बजेटमा संचालन हुने योजनाहरु तर्जुमा गरी बजेट विनियोजन गरेको देखियो । नगरपालिकाले वार्षिक गुरु योजना बनाई सोही आधारमा रणनीतिक योजना बनाई विकास निर्माण तथा अन्य कृयाकलापहरु सञ्चालन गर्नु पर्नेमा नगरपालिका गुरु योजना अनुरुप रणनीतिका मार्ग तय गरेको अवस्था देखिएन । गुरु योजनाको अभावमा कार्य गर्दा विकास निर्माण कार्यमा दोहोरोपना तथा लक्षित उद्धेश्य हासिल गर्न नसक्ने भएकोले गुरु योजना बनाई विकास निर्माण कार्यलाई दिशावोध गर्नु पर्दछ ।

| सि. न. | विषय क्षेत्र | योजना संख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | १ लाख भन्दा साना | १ देखि ५ लाख सम्म | ५ लाख देखि १० लाख सम्म | १० लाख भन्दा ठूला | बजेट | |
| १ | आर्थिक विकास | ९ | १० | ० | १ | ५७२० | ४.६२% |
| २ | सामाजिक विकास | १६ | १४ | ७ | ७ | १७०२९ | १३.७५% |
| ३ | स्वास्थ्य | ८ | ७ | ० | १ | ४३२० | ३.४९% |
| ४ | खानेपानी तथा सरसफाई | १४ | १७ | २ | ४ | ९१८४ | ७.४२% |
| ५ | संस्कृति प्रवर्द्धन | २८ | ९ | ० | ० | ३७०० | २.९९% |
| ६ | समावेशिकरण | ३० | ९ | ० | ० | ३४५४ | २.७९% |
| ७ | संचार | १ | २ | ० | ० | ४०० | ०.३२% |
| ८ | पूर्वाधार विकास | ११ | ४३ | ४ | १८ | ४९७७९ | ४०.२०% |
| ९ | उर्जा तथा विद्युत | ३ | १२ | ३ | ४ | ९४८९ | ७.६६% |
| १० | वातावरण तथा विपद व्यवस्थापन | ५ | ६ | १ | १ | ५२५० | ४.२४% |
| ११ | संस्थागत विकास तथा सेवा प्रवहा | १२ | १० | ४ | ५ | १५५१८ | १२.५३% |
| | जम्मा | १३७ | १३९ | २१ | ४१ | १२३८४३ | १००% |

प्राप्त विवरण बाट कूल विनियोजित बजेट ४०.२० प्रतिशत पूर्वाधार विकासमा विनियोजन गरेको देखियो । साना योजनाहरु छनौटमा नियन्त्रण गरी दिगो प्रतिफल दिन सक्ने ठूला तथा रणनीतिक योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

११. कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ बाट स्थानीय पदाधिकारीको सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे

बमोजिम यस वर्ष नगरपाालिकाले प्रमुख, उपप्रमुख र सदस्यहरुको पारिश्रमिक (भत्ता बाहेक) रु ९०,७२,०००।०० खर्च लेखेको देखियो ।

१२. **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनवमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन । आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

- पुराना मालसमानको मूल्य नखुलेको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(४)
- जिन्सी मालसमानको लिलाम/मर्मत नभएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३)
- उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२))
- वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८)
- सवारी साधनको लगबुक नराखेको (आर्थिक कार्यविधी नियमावली, २०६४ को ३६(३))
- शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेखेको ।
- व्यक्तिगत पेश्की खाता, व्यक्तिगत राजस्व बैक नगदी खाता तयार नबनाएको ।
- इन्धन खपतको लागि जेनेरेटरको लगबुक नभएको ।
- दैनिक भ्रमण अभिलेख खाता नराखेको ।

कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

१३. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

**रु हजारमा**

| सि.नं | कार्यक्रम | कूल खर्च | कुल खर्च | |
|---|---|---|---|---|
| | | | तेस्रो चौमासिक | तेस्रो चौमासिकमा भएको खर्च प्रतिशत |
| १ | अर्थिक विकास तर्फ | ५७२० | १६१८ | २८.२८% |
| २ | पूर्वाधार विकास तर्फ | ५९२६७ | २१३५८ | ३६% |
| ३ | सामाजिक विकास तर्फ | ३७६८७ | १८११५ | ४८% |
| ३ | वातावरण तथा विपद व्यवस्थापन | ५२५० | २११४ | ४०% |
| ५ | संस्थागत विकास सेवा प्रवाह | १५५१७ | ९४५५ | ६१% |
| ६ | सवारी साधन खरिद | ११३०० | २५०० | २२% |
| | **प्रतिशत** | **१३४७४१** | **५५१६०** | **४२.६६%** |

प्रस्तुत विवरण अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ४२.६६ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र सुपरभिजनमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणाली व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

१४. **कारोवारको लेखा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) मा गाँउपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा व्यवस्था भए बमोजिमको चौमासिक विवरण उल्लिखित निकायमाहरुमा पठाएको देखिएन । ऐन नियमको प्रावधानको कार्यान्वयन हुनु पर्दछ ।

१५. **तलबी प्रतिवेदन पारित नगरेको** : निजामती सेवा ऐन, २०४९ को दफा ७(क) बमोजिम निजामती कर्मचारीहरुलाई तलब भुक्तानी गर्दा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारित गराएर मात्र दिनुपर्ने र शिक्षक कर्मचारीहरको तलव भत्ता भुक्तानी गर्दा शिक्षक कितावखानाबाट तलवी प्रतिवेदन पारित गराएरमात्र तलव भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले स्वास्थ्य, कृषि, पशु, नगरपालिका र शिक्षा क्षेत्रका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको हुनाले दरबन्दी, तलब र ग्रेड रकम भिडान गर्न सकिएन । तलबी प्रतिबेदन पारित नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेड रकम भुक्तानी हुनसक्ने हुनाले आ.व.को शुरु हुनु भन्दा अगावै तलबी प्रतिबेदन पास गराएर मात्र तलब भुक्तानी गरिनुपर्दछ ।

१६. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यस वर्ष नगरपालिका नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व नगरपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

१७. **आर्थिक साहयता :** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को बुंदा ३.४ मा स्थानीय तहले नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनैपनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । नगरपालिकाले यो वर्ष निम्नानुसार रकम आर्थिक साहयता तथा राहत र विपद व्यवस्थापनको लागि खर्च लेखेको देखियो । नगरापालिकाले आन्तरिक बाहेकको स्रोतबाट व्यहोरिने गरी गरिएको खर्चमा आवश्यक नियन्त्रण हुनु पर्दछ ।

| साहयताको प्रकृति | राहत र विपद व्यवस्थापन | आर्थिक साहयता |
|---|---|---|
| लाभग्राही संख्या | ३१५ जना पिडित र ६ वटा विद्यालयहरु | २३ जना |
| साहयता वापत भुक्तानी रकम | १३७९६६०.०० | ३०००००.०० |

१८. नेपालको संविधान वमोजिम नगरपालिकाले हरेक वर्ष असार १० भित्र आगामी वर्षको वजेट, अघिल्लो वर्षको प्रगाति र संसोधन वजेट समेत देखिने गरी वजेट तथा कार्यक्रम आर्थिक वर्षको शुभारम्भ हुनु अघि नै निश्चित गरी वार्षिक कार्यक्रम चलाउनु पर्ने व्यावस्था छ। नगरपालिकाले निम्नानुसारका योजनाहरु स्वीकृत गरेकोमा पटक पटक संसोधन गरेको देखीयो। स्रोतको सुनिश्चितता विना योजना थप गर्न उपयुक्त देखिदैन ।

| सि.नं. | कार्यक्रमको नाम | वजेट | विषय | निर्णय |
|---|---|---|---|---|
| १ | जययण मिडिया प्रा.ली. | १२५००० | सूचना प्रकासन र तालिम | २०७५/१२/२४ |
| २ | पत्रकार महासँघ | ५०००० | कार्यालय सञ्चालन | " |
| ३ | प्याक मिडिया नेटवर्क | ८०००० | सूचना प्रसारण | " |
| ४ | स्वर्णिम मल्टीपल प्रा.ली. | ५०००० | कार्यलय व्यावस्थापन | " |
| ५ | माउन्टेन टेलिभिजन | ८५००० | सूचना प्रसारण | " |

| | | | | |
|---|---|---|---|---|
| ६ | कारागार किताव अभियान | ८०००० | किताव खरिद | " |
| ७ | सशस्त्र प्रहरीवल | ६०००० | भान्साघर निर्माण | " |
| ८ | शौर्यउर्जा प्रविधि जडान | ६४८००० | सौर्यउर्जा वडा | " |
| ९ | लघु जल विधुत | ३००००० | लघुजलविद्युत | " |
| १० | वायोमास जडान | १५०००० | वायोमास | |
| ११ | सुनगिद्ध संरक्षण | १५०००० | संरक्षण | २०७६/०२/१० |
| १२ | अपाङ्ग संरक्षण | १५०००० | संरक्षण | " |
| १३ | सीप तालिम | १००००० | मुढा तालिम | " |
| १४ | सोलार | ७५००० | सोलार | " |
| १५ | वित्तचित्र निर्माण | १७०००० | वित्तचित्र | " |
| १६ | मिडिया व्यावस्थापन | १००००० | सूचना प्रसारण | " |
| | **जम्मा** | **२३७३०००** | | |

नगरको सूचना प्रकाशन प्रशारण अनावश्यक चापले रु ४९०,००० वजेटमा राखी जनताको कर प्राथमिकता विहीन क्षेत्रमा स्रोत नखुलाई योजना सञ्चालन गरी रु ४९०,००० सहयोग खर्च गरेको देखियो ।

१९. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट भित्रको रकम खर्च गर्दा रित पुर्वकको वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ। यो वर्ष नगरपालिकाका पदाधिकारीहरुको निम्नानुसार सवारी साधन भाडा वापतको रकम खर्च गर्दा खर्चको पुष्ट्याई नखुलाई भुक्तानी गरेको देखियो । कार्यालयको स्वीकृत कार्यक्रम भित्र पर्ने खर्चको पुष्टाई सहित लेखा राख्नु पर्दछ ।

| सि. नं. | गो भौ नं. | मिति | रकम | पटक | लिनेव्यक्तिको नाम | काम |
|---|---|---|---|---|---|---|
| १ | १५ | २०७५/६/२४ | ११२००० | १६ | नगर प्रमुख | खलङ्गा- काठमाण्डौ |
| २ | ५२ | ०७५/८/१४ | ६६००० | ४ | दिपक व. थापा | सुर्खेत - नलगाड |
| ३ | ६० | ०७५/८/२६ | २०००० | २ | वाल कुमारी वस्नेत | कुशे नलगाड |
| ४ | ९६ | ०७५/९/२९ | ८५००० | ० | नखुल्ने | नखुल्ने |
| ५ | १०७ | ०७५/११/१२ | ९४००० | ० | " | " |
| ६ | ३५९ | ०७६/३/३१ | ४२००० | ० | " | " |
| ७ | १५५ | ०७५/१२/२८ | ३८००० | ० | " | " |
| | जम्मा | | ४५७००० | | | |

२०. **वडा खर्च :** (८५।०७५।०९।१२) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत कार्यक्रम भित्रको बजेट तोकिए बमोजिम खर्च गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष मर्मत, सञ्चार, विविध, भत्ता भ्रमण र कार्यलय व्यावस्थापन जस्ता विषयमा प्रति वडा चौमासिक रु १८९,००० को दरले वार्षिक रु ७३,७१,००० खर्च लेखेको छ। वास्तवकि खर्चको आधारमा खर्च लेख्नु पर्नेमा चौमासिक दरले वडाको खर्च लेखिएकोले यस किसिमको खर्चमा नियन्त्रण हुनु पर्दछ।

२१. **फरक दर :** सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्यीता हासिल गर्नु कानुन निर्माणको औचित्यता उल्लेख गरेको छ। आर्थिक कारोवार गर्नेले स्वार्थ नवाभिने गरी काम गर्नुपर्ने समेतको व्यावस्था छ । नगरपालिकाले भारी उपकरणवाट सरसफाई र भिरालो जमिन कटिङको कार्य गर्दा डोजरको जिल्ला दररेट विश्लेषणमा भारी उपकरणको क्षमता अनुसार ३ प्रकारको मेशिनको दर राखिएको र सबै भन्दा बढी क्षमताको मेशिन प्रयोग गर्दा एउटै परिमाण फरक दरमा मूल्याङ्कन हुन गएको छ। नगरपालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्यमा सस्तो दर कायम नगरी महंगो दर कायम गर्दा व्यभार बढेकोले मंहगो दरमा कार्य गर्नुको औचित्यतता पुष्टि हुनु पर्दछ।

| गो.भौं नं. | मिति | अनुदान | योजना | हुनुपर्ने मूल्याङ्कन | भएको मूल्याङ्कन | फरक मूल्याङ्कन |
|---|---|---|---|---|---|---|
| १८ | २०७५/९/३ | ४५६६०० | मन्मै जिकूवा | २०१६६६ | ४२४२३६ | २२२५७० |
| ३४ | २०७५/९/१३ | ४५०००० | अस्थाई वसपार्क | २५४५७६ | ५७१७९४ | ३१७२१७ |
| ७५ | २०७५/१०/२४ | १४९३००० | छप्का कैना सडक सफाई | १०६४८१३ | १९२६४६१ | ८६१६४७ |
| ९१ | २०७५/१०/२८ | ३५०००० | हाईस्कुल तिमिली | १९६५६५ | ३५४९१० | १५८३४४ |
| १११ | २०७५/११/९ | ५००००० | तिल्कूचौर नेटाखाली | ३८२४०८ | ५८८११८ | २०५७१० |
| १२८ | २०७५/११/२९ | ५१६००० | वैराताल आनापानी सफाई | ३२१०७८ | ६२५३७७ | ३०४२९८ |
| १२९ | २०७५/११/२९ | ५००००० | मन्मै जिस्वा | ४३५५०० | ६४३३५२ | २०७८५२ |
| ३९० | २०७६/२/२० | ३८१७०० | - | ३४२१८८ | ४९५७१६ | १५२५२८ |
| ४९१ | २०७६/०३/३० | १४६०००० | रंगशाला निर्माण | १२७५७६४ | १९५६१०० | ६८०३३९ |
| ४७० | २०७६/०३/३१ | ४३७७५४ | खगेनकोट वफेलगाउँ | ११४४७८२ | १४४४५०० | २९९७१८ |
| २ | २०७५/१०/७ | ३८०००० | वहुल ढुङ्गेयुग रावतगाउँ | ३२९२५५ | ४९९३७१ | १७०११५ |
| ३ | २०७५/२/७ | १३८०००० | वहुलढुङ्गे राउतगाउँ | ११२३९०१ | १७४०८६९ | ६१६९६८ |
| | | **८३०५०५४** | | **७०७२४९६** | **११२७०८०४** | **४१९७३०६** |

माथी उल्लिखित सडक योजना वडा नं. ८ को वडाध्यक्ष गोविन्द शाही लगायतको अन्य व्यावसाशीवाट स्वार्थयुक्त काम भएको एकीन गरी भारी उपकरण प्रयोग भएको काम प्रमाणित गर्दा उपकरणको स्वामित्व नम्वर परिचालनको लगसिट सम्वन्धितले प्रमाणित गरी समय र भएको काम एकीन नहुँदा खर्च आश्वास्त गर्न कठिन भएको अवस्था छ ।

२२. ११०।२०७५।११।०९ मानेचौर कोठीगाउँ पोखरी सिचाँई पाईप २५०० मिटर खरिद गरेकोमा १००० मीटर मात्र जडान भएकाले वाँकी १५०० मीटरको प्रति मिटर रु ६१।०० का दरले हुने रु ९१५००।०० भुक्तानी भएको देखियो । प्राप्त प्रतिक्रिया अनुसार उपभोक्ता समितिले व्यहोरिने जन श्रमदान वापतको अंसको मूल्यांकन अलग्गै नापी किताव भएकोले कम नापी परिमाण देखिएकोमा पुर्ण योजनाको नापी किताव पेश हुनु पर्ने रु

९१५००.००

२३. **कुराकानी गुरु (Talking Teacher):** (१०२ ।२०७५।११।०६)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा यो कार्यको लागि रु.९,८१,५१६ सिर्जनशील शिक्षात्मक संसार प्रा.लि काठमाण्डौवाट १३ विद्यालयको लागि १३ सम्वाद शिक्षक सेट प्रतिसेट १२,०००।०० र स्पीकर प्रतिगोटा रु २५००।०० समेत १३ विद्यालयको लागि रु १,८८,५००।०० र विद्यार्थीको लागि किताव वापत ३०४८ विद्यार्थीका लागि प्रति विद्यार्थी रु. १२०।०० ले हुने रु ३,६५,७६०।०० र जडान खर्च रु १७,१६०।०० समेत रु ७,७१,४२०।०० भुक्तानी भई सकेको अवस्थामा १६४७ विद्यार्थीहरु बाट प्रति विद्यार्थी रु. ६६४।०० का दरले सेवाशुल्क संकलन गरी आपुर्तिकर्तालाई भुक्तानी दिन नमिल्ने देखिएकोले असूल गर्नुपर्ने रु

२१००९६.००

२४. **परामर्श खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२ मा सार्वजनिक निकायले खरिद गरिने परामर्शको लागि आवश्यक जनशक्ति र सोको पारिश्रमिक समेत को लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम परामर्श कार्य गराउदा कार्यलयले परामर्शदाताको जनशक्ति र उपकरण परिचालत समय समेत देखिने गरी प्रस्ताव र प्रस्ताव वमोजिमको कार्य नहुदा कार्यालयमा नभएको जनशक्तिले कार्य गरेको प्रमाण नराखी परामर्शवाट कार्य गराउन उचित देखिएन ।

| गौ.भौ नं. | ीमिति | खर्च | विवरण | परामर्शदाता | माध्यम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १४७ | ०७५/१२/२५ | ५०००००० | डकुमेन्ट्री साँस्कृतिक | योगेन्द्रराज | कार्यलय |
| १४९ | ०७५/१२/३ | ५०००००० | परीवगर कृषी सडक | विस्तृत डिजाइन | उपभोक्ता |
| १६९ | ०७५/१२/२२ | १६४००० | वजेट र कानून निर्माण | राजेन्द्र विक्रम थापा | कार्यलय |
| ३८३ (क) | ०७६/३/६ | ४९०००० | सर्भे डिभाजन | मिशन ईन्जिनियरिङ | कार्यलय |
| ३८० | ०७६/२/१९ | ४३२४५१ | सर्भे डिभाजन | भिजन ईन्जिनियरिङ | कार्यलय |
| ३८८ | ०७६/२/२० | १६९५०० | सर्भे डिभाजन | मिशन ईन्जिनियरिङ | उपभोक्ता |
| ३९८ | ०७६/३/२२ | ४१०००० | खानेपानी सर्भेक्षण | मेकर ईन्जिनियरिङ | कार्यलय |
| ४९२ | ०७६/३/२१ | ३९८००० | आइइ सर्भे | एलपर्ट ईन्जिनियरिङ | कार्यलय |
| | **जम्मा** | **३०६३९५१** | | | |

२५. **परामर्श खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२ मा सार्वजनिक निकायले खरिद गरिने सेवा कार्यालयको मौजुदा जनशक्तिबाट उक्त कार्य हुन नसक्ने भएमा परामर्शको लागि आवश्यक जनशक्ति र सोको पारिश्रमिक समेतको लागत अनुमान तयार गर्नुपर्ने र खरिद कार्य अघि बढाउनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम परामर्श कार्य गराउदा कार्यलयले परामर्शदाताको जनशक्ति र उपकरण परिचालित समय समेत देखिने गरी प्रस्ताव र प्रस्ताव वमोजिमको कार्य नहुदा कार्यालयमा नभएको जनशक्तिले कार्य गरेको प्रमाण नराखी परामर्शवाट कार्य गराउन उचित देखिएन ।

| गौ.भौ नं. | मिति | खर्च | विवरण | परामर्शदाता | माध्यम |
|---|---|---|---|---|---|
| १४७ | ०७५/१२/२५ | ५०००००.०० | महोत्सव | योगेन्द्रराज | कार्यलय |
| १४९ | ०७५/१२/३ | ५०००००.०० | परीवगर कृषी सडक | विस्तृत डिजाइन | उपभोक्ता |
| १६९ | ०७५/१२/२२ | १६४०००.०० | वजेट र कानून निर्माण | राजेन्द्र विक्रम थापा | कार्यलय |
| ३८३ (क) | ०७६/३/६ | ४९००००.०० | सर्भे डिभाजन | मिशन ईन्जिनियरिङ | कार्यलय |
| ३८० | ०७६/२/१९ | ४३२४५१.०० | सर्भे डिभाजन | भिजन ईन्जिनियरिङ | कार्यलय |
| ३८८ | ०७६/२/२० | १६९५००.०० | सर्भे डिभाजन | मिशन ईन्जिनियरिङ | उपभोक्ता |
| ३९८ | ०७६/३/२२ | ४१००००.०० | खानेपानी सर्भेक्षण | मेकर ईन्जिनियरिङ | कार्यलय |
| ४९२ | ०७६/३/२१ | ३९८०००.०० | आइइ सर्भे | एलपर्ट ईन्जिनियरिङ | कार्यलय |
| | **जम्मा** | **३०६३९५१.००** | | | |

२६. **प्राथमिकतामा नमूना वस्ती :** नगरपालिकाले प्रत्येक वडामा १ नमूना वस्तिको लागि सार्वजनिक शौचालय १, पेन सेट ४०७, हिलटेक १३, साईनवोर्ड ६५, काठको गेट ३, आर सि सि गेट ३, फलामे गेट ७,२०० लिटरको ड्रम वितरण ४६४, वाल्टि २६, चना ३८ वोरा, फलामे कूचो २३ समेतको लागि प्रतिवडा ६ लाखको दरले १३ वडाको रु. ७८,००,०००।०० खर्च भएको छ। मानवीय विकासको लागि नमूना वस्ती जरुरी भएपनि शिक्षा, स्वास्थ्य र सडक प्राथमिकताको क्षेत्र थप गरी खर्च गर्नु उचित स्रोतको उपयोग जन्य योजना हुँदा दैनिकी जीवनमा प्रभाव पार्ने योजनाहरु छनौट गर्नुपर्नेमा त्यस्तो मापदण्ड कायम भएको नदेखिएकोले बस्ती छनौटको प्राथमिकतामा शिक्षा स्वास्थ्य जस्ता आधारभूत पुर्वाधारलाई राख्नु पर्दछ ।

२७. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा तोकिएको सीमा भन्दा बढी रकमको खरिदमा सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष निम्नानुसार नियममा तोकिएको सीमा भन्दा बढीको खरिद कार्य गर्दा नियमावलीमा भएको प्रावधानको अनुशरण गर्नु पर्नेमा कर्मचारीलाई पेश्की दिई सोझै खरिद गरेको देखिएकोले नियमित गर्नु पर्ने रु ३२५५०००.००

| भौ.न. मिति | विवरण | पेश्की लिने कर्मचारी तथा अन्य विवरण | रकम |
|---|---|---|---|
| ११/ ०३/३१ | मालसामान खरिद | प्रा.स. श्री महेश कुमार विष्ठ | ७०५०००.०० |
| ७/ ०८/०३ | निर्माण कार्य | ई. श्री मोहन मल्ल तथा स.ई. मोहन खड्का | १३०००००.०० |

| | | | |
|---|---|---|---|
| १/०३/२० | मालसामान खरिद | जन कल्याण आ.वि. मार्फत लोयल कम्प्युटर ईन्फोसिस काठमाडौबाट | १२५००००.०० |
| | **जम्मा** | | **३२५५०००.००** |

२८. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउदा कामको प्रकृति श्रममूलक भएको एकिन गर्नुपर्ने र नियम १० मा समितिले पाएको काम कुनै सब कन्ट्राक्टर  लगाउन नपाउने व्यवस्था छ । कार्यालयले यो वर्ष परिवगर देखि सिउन हुदै रुप जोड्ने सडकको डिपिआर निर्माण गर्ने कार्य उपभोक्ता समितिलाई दिएकोमा उपभोक्ता समितिले सो काम मकर ईन्जिनीयरीङ एण्ड कन्सल्ट्यान्सीलाई दिई रु ५००,०००।०० भुक्तानी गरेको देखियो । नियमावलीको प्रावधान भन्दा फरक गरी बौद्धिक प्रकृतिको काम उपभोक्ता समिति मार्फत परामर्शदाताबाट गराउदा परामर्श सेवाको गुणस्तर, लागत समेतमा असर पर्न जान्छ । नियम भन्दा फरक प्रक्रिया अपनाई खरिद गरिएको कार्य नियम सम्मत देखिएको रु ५०००००.००

२९. **सामाजिक सुरक्षा तर्फ :** सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.३ करोड ६५ लाख १९ हजार बजेट विनियोजन भई रु.३ करोड ६४ लाख ३२ हजार ६ सय निकासा/खर्च भई रु.८६ हजार ४ सय संघीय संचित कोषमा फिर्ता भएको पाइयो । पहिलो र पाँचौ वडाको भरपाई परीक्षण गरिएको र अन्य वडाको सामाजिक सुरक्षा खर्चको हकमा पेश्की खर्च, बैंक दाखिला रकम, वित्तीय सूचना प्रणाली (MIS) र मन्त्रालयबाट प्राप्त विवरणलाई मात्र भिडान गरी परीक्षण गरिएको छ । पेश्की फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :

३०. नगरपालिकाले यस बर्ष वितरण गरेका सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण देहाय बमोजिम छ ।

| सि.न. | लाभग्राही वर्ग | लाभग्राहीको संख्या |
|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य | ५५५ |
| २ | जेष्ठ नागरिक दलित | ३८७ |
| ३ | एकल महिला | २ |
| ४ | विधवा | ५४५ |
| ५ | पूर्ण अपांग | ४६ |
| ६ | अशक्त | ६९ |
| ७ | बालबालिका सुरक्षा दलित | ११०८ |
| ८ | बालपोषण अनुदान | १६९६ |
| ९ | जेष्ठ नागरिक औषधि उपचार | ७४९ |
| | **जम्मा** | **५१५७** |
| | **जम्मा जनसंख्या** | **२८९५०** |
| | **सामाजिक सुरक्षा भत्ता लाभान्वित जनसंख्या** | **१७.८१ प्रतिशत** |

३१. **सामाजिक सुरक्षा भत्ता वितरण** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा न. १२ मा कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको हातहातै नगद वितरण गर्न नपाईने तथा व्यवस्थापन सूचना प्रणाली बाट प्राप्त लाभग्राहीको नाममा तोकिएको बैक तथा वित्तीय संस्थाको नाममा सामाजिक सुरक्षा विशेष बचत खाता खोली सोही बैक मार्फत भत्ता रकम वितरण गर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष रु ३,६४,३२,६००।०० विभिन्न वर्गका ५१५७ जना लाभग्राहीलाई वितरण गरिएकोमा कार्यविधिमा उल्लेख भए अनुसार लाभग्राहीहरुको नाममा बैक खाता खोली वितरण गरिएको छैन । नगदै हात हातै वितरण गर्दा हुने जोखिमलाई मध्य नजर गर्दै कार्यविधिको अनुशरण गर्नु पर्दछ ।

**स्वास्थ्य तर्फ**

३२. **औषधि खरिद :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको कार्यसञ्चालन मार्गदशन, २०७५।७६ को समष्टिगत मार्गदशनको रुपमा स्थानीय तहका लागि औषधि तथा औषधिजन्य सामाग्री खरिद गर्दा संघ तथा प्रदेशबाट प्राप्त नहुने वा कम मात्रामा उपलव्ध हुन सक्ने औषधि तथा सामाग्रीहरुलाई प्राथमिकता दिनु पर्ने र औषधिको आपुर्ति साविकको जन स्वास्थ्य कार्यालय एवं प्रादेशिक स्वास्थ्य कार्यालय मार्फत हुने भएकोले सोही अनुरुप समन्वय गरेर मात्र औषधिको खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष रु १८,९०,०००।०० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेकोमा प्राय सबै औषधिहरु नेपाल सरकारबाट निशूल्क वितरण हुने अत्यावश्यक औषधिको सुचिमा पर्ने औषधिहरुको खरिद भएको देखियो । आवश्यक समन्वय वेगर संघ तथा प्रदेशबाट निशूल्क रुपमा प्राप्त हुने औषधिहरु समेत स्थानीय तहले खरिद गर्दा दोहोरो खर्च हुने तथा औषधिको मौज्दात बढी थप व्ययभार पर्न सक्ने भएकोले संघ तथा प्रदेशबाट निशूल्क प्राप्त हुने औषधि खरिद गर्दा जिल्ला स्वास्थ्य कार्यालय सँग समन्वय गरी संघ तथा प्रदेशबाट प्राप्त हुन नसक्ने सुनिश्चितता भए पछि मात्र खरिद कारवाही अघी बढाउनु पर्दछ । पालिकाबाट खरिद भएका केही औषधिहरु उदाहरणार्थ देहाय बमोजिम छन ।

| सि.न. | औषधिको नाम |
|---|---|
| १ | एमोक्सिलिन १२५।२५०।५०० एमजि |
| २ | सिप्रोफ्लोक्सासिन २५०।५०० एमजि |
| ३ | एल्बेन्डाजोल ४०० एमजि |
| ४ | एट्रोपिन ईन्जेक्सन ०.६ |
| ५ | एसिटाजोलामाईड २५० एम जि |
| ६ | बेन्जोईक एसिड |
| ७ | सेट्रिजीन एच सि एल |
| ८ | क्लोभ आयल |
| ९ | कोट्रीमाजोल क्रिम |
| १० | डिक्लोफिन्याक २५ एम जि |

३३. **स्वास्थ्य संस्थालाई अनुदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा विल विजकको भुक्तानी गर्नु पर्ने उल्लेख छ। कार्यालयले यो वर्ष देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुलाई अनुदान स्वरुप रकम उपलव्ध गराएकोमा सम्बन्धित संस्थाहरुको कार्य प्रगति प्रतिवेदन र खर्चका विल भरपाईहरु लेखापरीक्षणको समयमा उपलव्ध नभएकोले खर्च प्रमाणित हुने कागजात सहित प्रगति प्रतिवेदन पेश हुनु पर्ने रु. १४१०००.००

| सि.न. | स्वास्थ्य संस्थाको नाम | भुक्तानी भएको रकम | प्रयोजन |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी डाडागाउ | ४००००।०० | प्रसुति प्रोत्साहन |
| २ | स्वास्थ्य चौकी लाहाँ | ४१०००।०० | ,, |
| ३ | स्वास्थ्य चौकी रग्दा | २००००।०० | ,, |
| ४ | स्वास्थ्य चौकी भगवती | ४००००।०० | ,, |
| | **जम्मा** | **१४१०००।००** | |

**शिक्षा तर्फ**

३४. **छात्रा छत्रवृत्ति अनुदान :** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश तह तथा शिक्षा विकास तथा समन्वय ईकाइ) कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्रा र दलित विद्यार्थीहरुलाई प्रति विद्यार्थीले वार्षिक न्यूनतम रु.४००।- र कक्षा १० का दलित विद्यार्थीहरुले रु ५०० छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वितरणका निश्चित आधारहरु तय गरी छात्रवृत्ति पाउने, छात्राहरुको नामावली सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्ने, विद्यालयमा नियमित अध्ययन गरिरहेका छात्राहरुलाई दोहोरो नपर्ने गरी अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण

| | | |
|---|---|---|
| | गर्नुपर्ने र स्थानीय तहले छात्रवृत्ति पाउने विद्यार्थी संख्या, छात्रवृत्ति वितरणको भर्पाइ, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण राख्नु पर्ने गरी अनुगमन सूचक तोकेको देखिन्छ । नगरापालिका ले यो वर्ष आफ्नो क्षेत्र भित्रको आ.वि. र प्रा. वि. गरी जम्मा ७१ वटा विद्यालयका छात्रा तथा दलित विद्यार्थीहरुलाई छात्रवृत्ति अनुदानको रुपमा रु २२ लाख ९५ हजार ४ सय निकासा लेखेको देखियो । आवश्यक जनशक्तिको अभावमा स्थानीय तहले विद्यालयबाट अद्यावधिक तथ्यांक संकलन गरी निर्देशिकाले तोकेको सूचकहरुको अनुगमन गर्न नसकेकोले छात्रवृत्ति निकासाको नियन्त्रण पक्ष कमजोर रहेको छ । अतः Flash Report का आधारमा छात्रवृत्ति रकम निकासा गर्नुका साथै निर्देशिकाको प्रावधानको कार्यन्वयनको प्रभावकारी अनुगमन हुनु पर्दछ । | |
| ३५. | **निःशुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याँक संकलन गरी यकिन संख्याको आधारमा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ। निर्देशिकाको कम्पोनेण्ट नं.२.१५.११.७६१ मा विद्यार्थीले शैक्षिक सत्रको शुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चिता कायम गर्ने कार्य स्थानीय तहको हुने समेत व्यवस्था छ । नगरपालिका अन्तर्गतका आधारभूत तहका र माध्यामिक तहका ७१ वटा विद्यालयहरुलाई पाठ्य पुस्तक अनुदानको रुपमा रु.३२,६२,२०५।- निकासा गरेकोमा नगरपालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश भएको देखिएन । पाठ्यपुस्तकको अनुदान निकासा गर्दा शैक्षिक समय तालिका मिलाई पाठ्यपुस्तक वितरण नहुँदा शैक्षिक स्तरमा ह्रास आउने देखिन्छ । अतः निकासा गरेको रकमको अनुगमन गरी सुनिश्चितता गरिनु पर्दछ । | |
| ३६. | **शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को कम्पोनेण्ट नं.२.१५.११.७७० बमोजिम शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान प्रत्येक सामुदायिक विद्यालयको वाल विकास कक्षा, (कक्षा १-५), (कक्षा ६-८), (कक्षा ९-१०), (कक्षा ११-१२) तहका विद्यार्थी संख्या यकिन गरिएको प्रत्येक तहगत विद्यार्थी संख्याले क्रमशः प्रति विद्यार्थी रु ५००, रु.१५०।- रु.२००।-, रु.२००।- र २५०।- उल्लेखित दरलाई गुणन गरी आएको गुणनफल बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान निकासा दिने, विद्यालयमा निकासा हुने उक्त रकम विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्था, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार तथा PMEC को वुक कर्नर तथा सिकाई सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सकिने उल्लेख छ। नगरपालिकाले शिक्षण सामाग्री तथा बुक कर्नर व्यवस्थापनको लागि रु २४,७०,६५०।०० आधारभूत तथा माध्यामिक तहका विभिन्न विद्यालयहरुको खातामा निकासा गरेको छ। निर्देशिकाले अनुगमन/परिणाम सूचकको रुपमा नगरपालिकालाई जिम्मेवार वनाएको र अनुदान प्राप्त गर्ने विद्यार्थी संख्याको सत्यापन गरी विद्यालयमा उपलव्ध शैक्षिक सामग्री र प्रयोगको अवस्थाको कार्यालयले सुनिश्चितताको आवश्यक अनुगमन हुनु पर्दछ । | |
| ३७. | **एकमुष्ठ शैक्षिक अनुदान :** आ.व.२०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको सामाजिक विकास कार्यक्रमतर्फ नगर स्तरीय योजना अन्तर्गत नगर क्षेत्रको शैक्षिक गुणस्तर सुधारका लागि साविक जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई शिक्षक दरवन्दी नभई कक्षा सञ्चालन गरेका नगरपालिका भित्रका आधारभूत (कक्षा १ देखि ३) तहसम्म सञ्चालन भएका निम्नानुसार १३ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु १ लाखका दरले शैक्षिक अनुदानको रुपमा रु.१३,००,०००।- निकासा गरेको देखियो । विद्यालयको निजी स्रोतबाट तलव भत्ता खाने गरी साविक जिल्ला शिक्षा कार्यालयले अनुमति दिएको र विद्यालय व्यवस्थापन समितिले निर्णय गरी राखेका शिक्षकहरुको तलव भत्ता स्वरुप साविकमा पनि शिक्षा कार्यालयको दरवन्दीमा नपरेका र हाल नगरपालिकाले पनि दरवन्दी स्वीकृत नगरेको अवस्थामा नगरपालिकाको निर्णयको आधारमा एकमुष्ट | |

अनुदान निकासा गरेकोले दरवन्दी बेगरको उक्त निकासाको प्राभावकारी अनुगमन गरी कार्यविधि मार्फत गराउनु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | निकासा रकम |
|---|---|---|---|
| १ | महादेवी प्रा.वि. | न.न.पा. १, पुवाडाँडा | १००००००.०० |
| २ | बालहित प्रा.वि. | न.न.पा. ३, सुवाखाला | १००००००.०० |
| ३ | लालिगुराँस प्रा.वि. | न.न.पा. ३, सानावन | १००००००.०० |
| ४ | नमुना प्रा.वि. | न.न.पा.३, पारीकरुवा | १००००००.०० |
| ५ | रामभक्त प्रा.वि. | न.न.पा.४, औल | १००००००.०० |
| ६ | हिमालचुली प्रा.वि. | न.न.पा.५, खनटाकुरा | १००००००.०० |
| ७ | सिता प्रा.वि. | न.न.पा. ६, गराग्ली | १००००००.०० |
| ८ | गणेस प्रा.वि. | न.न.पा. ८, मालुवातरा | १००००००.०० |
| ९ | सुर्यकिरण प्रा.वि. | न.न.पा. ८, हलचौर | १००००००.०० |
| १० | सिर्जना प्रा.वि. | न.न.पा. ९, दारिमपाटा | १००००००.०० |
| ११ | समाज परिवर्तन प्रा.वि. | न.न.पा. १०, ध्यारगाँउ | १००००००.०० |
| १२ | जनएकता प्र.वि. | न.न.पा. १०, रग्दा | १००००००.०० |
| १३ | जनसेवा प्रा.वि. | न.न.पा. १३, रुप | १००००००.०० |
| | जम्मा | | १३०००००.०० |

३८. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको वास्तविक प्राविधिक नापजाँचको आधारमा विल विजकको भुक्तानी दिनु पर्ने व्यवस्था छ । सुर्यदय माध्यमिक विद्यालय कैनाको भवन निर्माणको कार्यको लागि सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिदा निम्नानुसार बढी भुक्तानी भएको देखिएकोले सम्झौता अनुसार उपभोक्ता समितिको अनुपातिक अंस ११.३५ प्रतिशत कट्टा गरी बाकी रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु

| कामको नाम | भुक्तानी भएको परिमाण | नापी कितावमा चढेको परिमाण | भुक्तानीको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| Reinforcement work all complete | ७००० केजी | ५००० केजी | ९५.३० | १९०६००.०० |

१६८७७३.००

३९. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश तह तथा शिक्षा विकास तथा समन्वय ईकाइ) कार्यान्वयन पुस्तिका २०७५।७६ को कम्पोनेण्ट ८.२.३.३१.१० को बुदा (ट) मा विद्यालयको भवन निर्माण, नँया कक्षा कोठा निर्माण, भवन निर्माण, शौचालय निर्माण कोर्यको कार्य सम्पन्न प्रतिवेदन यसै कार्यन्वयन पुस्तिकाको अनुसुची ३ मा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिक बाट तयार गर्न लगाई स्थानीय तहका शिक्षा अधिकृत, प्राविधिक कर्मचारी, सम्बन्धित विद्यालयका प्र.अ., तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सो नभए वि.व्य.स.का अन्य कुनै पदाधिकारी वा सो नभए तत्कालिन वि.व्य.स. मा प्रतिनिधित्व गर्ने कुनै शिक्षकबाट प्रामाणित गरी गराई विद्यालय र स्थानीय तहमा एक एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तोकिएको ढाँचामा  कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभए सम्म सम्बन्धित स्थानीय तहले विद्यालयको निकासा राक्का राख्न सक्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष भुक्तानी भएका निम्नानुसार विद्यालयको भवन तथा शौचालयको कार्य सम्पन्न प्रतिवेदन निर्देशिकाले तोकेको ढाँचामा नभई सम्बन्धित प्राविधिक कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतले मात्रै प्रामाणित गरेको देखिएकोले तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु

| भौ.न. मिति | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| ११/३/२२ | नेपाल राष्टिय प्राथमिक विद्यालय, चिउरी, न.न.पा. १ | १६०००००.०० |

८६३८६००.००

| | | |
|---|---|---|
| १२/३/२२ | नेपाल राष्टिय माध्यमिक विद्यालय, न.न.पा. १२ | ७००००० .०० |
| १३/३/२२ | जनप्रीय प्रा.वि. | १५९५१९७.०० |
| १४/३/२४ | लक्ष्मी प्रा.वि. | १६०००००.०० |
| १५/३/२६ | जन विकास आ.वि. | ६८९४२३.०० |
| १६/३/३१ | सुर्यदय मा. वि. | १८०००००.०० |
| १०/३/३ | जनक मा वि. | ६५३९८०.०० |
| | **जम्मा** | **८६३८६००.००** |

**साना सिचाई कार्यक्रम तर्फ**

४०. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको स्वीकृत नर्मस् बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रम अन्तर्गतका उपभोक्ता समितिबाट संचालित योजनाका निर्माणको लागत अनुमानका दरहरु र नलगाड नगरपालिका भित्रका अन्य निर्माण कार्यहरुको लागत अनुमान दर तुलना गर्दा फरक देखिएकोले नगरपालिकाले यो वर्ष यस कार्यक्रम अर्न्तगतका पि.सि.सि १:२:४ (एम १५) को लागत अनुमानमा सिमेण्ट र वालुवाको दर विश्लेषण गर्दा निम्नानुसार हुने देखियो ।

| सिमेण्ट | | | | |
|---|---|---|---|---|
| १घ.मि. पि.सि.सि मा लाग्ने नर्मस अनुसारको सिमेण्ट केजीमा | नेपालगंजमा १ व्याग सिमेण्टको मूल्य (मु.अ.कर सहित) | जाजरकोट खलंगा सम्मको ढुवानी रु ०.०३९ प्रतिकेजी (१८६ किमि) | खलंगा देखि नलगाड कालिमाटी सम्म ढुवानी रु ०.०९ प्रतिकेजी (३० किमि) | निर्माण स्थल सम्मको भरिया द्वारा ढुवानी अधिकतम ३ कोषको दरले गणना गर्दा (२.१५ प्रतिकेजी |
| ३२० | ८४७.५ | २३२१.२८ | ८६४ | २०६४ |

| बालुवा | | |
|---|---|---|
| नलगाड न.पा.का योजनाहरुका लागि तयार दर (बालुवा प्रति घ.मि पि.सि.सिको लागि | १घ.मि. पि.सि.सि मा लाग्ने नर्मस अनुसारको बालुवा केजीमा | निर्माण स्थल सम्मको भरिया द्वारा ढुवानी अधिकतम २ कोषको दरले गणना गर्दा ( २.१५ प्रतिकेजी |
| २०२०.०० | ८९० | ३८२७ |

| १ घ.मि. पि.सि.सि.को दर गणना गर्दा | |
|---|---|
| सिमेण्ट | १०६७३ |
| दक्ष जनशक्ति | ८६५ |
| अदक्ष जनशक्ति | २६०० |
| गिट्टी | १६१५ |
| बालुवा | ५८४७ |
| **कूल** | **२१६००.००** |

यस कार्यक्रम अन्तर्गतका निम्नानुसारका योजनाका निर्माण कार्य PCC work 1:2:4 in foundation wall including 30 m lead को लागत अनुमान तयार गर्दा बढी दर निर्धारण गरिएकोले बढी व्ययवार पारेको रु २६०७६९.००

| भौ.न. मिति | योजना को नाम | पिसिसि १:२:४ कार्यको परिमाण | लागत अनुमान निर्धारित भुक्तानी भएको दर | विश्लेषणबाट हुनुपर्ने अधिकतम दर | थप व्ययभार रकम |
|---|---|---|---|---|---|
| ५/२/३ | भित्री खोला सिचाई आयोजना, न.न.पा ३ | ५१.२४५ | २५८५९.५६ | २१६००.०० | २१८२८१.२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३/११/२९ | पाली घुर्सु सिचाई निर्माण, न.न.पा १ | २०.९० | २२९५६.७२ | २१६००.०० | २८३५५.४५ |
| ४/१/२७ | पाली घुर्सु सिचाई कुलो निर्माण | ८.८१ | २२९५६.७२ | २१६००.०० | ११९५२.७ |
| ६/२/३१ | पायखेत कुलो सिचाई निर्माण न.न.पा ९ | ५ | २२०३५.९३ | २१६००.०० | २१७९.६५ |
| **जम्मा** | | | | | **२६०७६९.००** |

**आन्तरिक आय तर्फ :**

४१. **आर्थिक ऐनको कार्यान्वयन :** नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आर्थिक ऐनको दफा ५ मा व्यवसाय कर, दफा ६ मा जडिबुटी कवाडी र जीवजन्तु कर, दफा ७ मा सवारी साधन कर, दफा ८ मा विज्ञापन कर तथा दफा ११ मा पार्किर शूल्क असुल गरिने छ भन्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले उल्लिखित कर तथा शूल्क लगाउने अवश्था विद्यमान रहदा पनि शुरु गरेको अवस्था छैन । नगर क्षेत्रका सवारी साधन, होर्डिर वोर्ड, उपलब्ध जडिबुटी, पार्किर स्थल तथा व्यवसायिक फर्महरुको लगत कायम गरी आन्तरिक आयलाई व्यवस्थित र वैज्ञानिक बनाउनु पर्दछ ।

४२. **पेश्की बाँकी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ बमोजिम कार्यालयले तपसिल बमोजिम दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म असुल फछ्र्यौट गर्नुपर्ने रकम रु. ४००००.००

| सि.न. | पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २ | सिर्केमेला व्य. स. स. | मेला संचालन | ४००००.०० |
| | **जम्मा** | | **४००००.००** |

४३. **आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै असुल फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणमा देखिएका निम्नानुसारका व्यहोराहरु लेखापरीक्षणको अवधि सम्म फछ्र्यौट भएको देखिएन । ९४३३३९.००

| सि.न. | बेरुजूको व्यहोरा | रकम |
|---|---|---|
| १ | पशु प्राविधिक श्री धन बहादुर सिहंको औषधि खरिद वापत दिएको पेश्की फछ्र्यौट गर्दा अग्रिम कर कट्टी गर्न छुटेकोले असुल गर्नु पर्ने रु | २२५०.०० |
| २ | ना.प्र.स. श्री सुदिप गिरी लाई दिएको पेश्की मार्फत सुन्तलको विरुवा खरिद खर्दा सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु | २३००००.०० |
| ३ | ना.प्र.स. श्री चन्द्र बहादुर भारतीलाई दिएको पेश्की मार्फत तालिम संचालन वापत रु ९००००।०० भुक्तानी भएकोमा अग्रिम कर असुल नभएको रु | ३५७०.०० |
| ४ | ना.प्र.स. श्री चन्द्र बहादुर भारतीलाई दिएको पेश्की मार्फत टिमुरको विरुवा खरिद गरे वापत रु १९६०००।०० भुक्तानी गरेकोमा अग्रिम कर असुल नभएकोले असुल हुनु पर्ने रु | २८५०.०० |
| ५ | प्रा.स. महेश कुमार विष्ठलाई दिएको पेश्की मार्फत आँपको विरुवा खरिद वापत रु ४६२०००।०० भुक्तानी गर्दा सोझै खरिद गरिएकोले नियम सम्मत नदेखिएको रु | ४६२०००.०० |
| ६ | अ.हे.व. श्री राम प्रसाद जैसीको रु १३३०००।०० को पेश्की फछ्र्यौट गर्दा रु १८२००।०० को विल भरपाई नपुगेकोले असुल गर्नु पर्ने रु | १८२००.०० |
| ७ | विविध खर्चको रुपमा दिनेश एण्ड विनोद होटललाई भुक्तानी दिएको रु १४४२५०।०० मा अग्रिम कर कट्टा नगरेकोले असुल हुनु पर्ने रु | २१६३.०० |

| | | | | |
|---|---|---|---|---|
| | ८ | भेरी ज्ञानोदय क्याम्पसलाई फल्ड निर्माण बापत रु ६०००००।०० भुक्तानी गरेकोमा बहाल कर कट्टी गर्न छुटेको रकम असुल गरी दाखिला गर्नु पर्ने रु | ६०००.०० | |
| | ९ | प्राथमिक स्वास्थ्य केन्द्र दल्लीलाई सोलारको व्याट्रि प्रतिस्थापन र मर्मत वापत भुक्तानी भएको रकमको खर्चका विलभरपाई पेश नभएको रु | १७५०००.०० | |
| | १० | पशु सेवा प्राविधिक, श्री धन बहादुर सिंहको औषधि खरिद वापतको रु ५००००।०० पेश्की फछ्र्यौट गर्दा अग्रिम कर कट्टा नगरेकोले असुल गर्नु पर्ने रुञ | ७०६.०० | |
| | ११ | खरिदार, श्री ओम चन्द्र विष्ठ लाई टिमुर खरिद वापत दिएको पेश्की रु २०००००।०० पछ्र्यौट गर्दा अग्रिम कर रु २७००।०० र वहाल कर रु २०००।०० कट्टी नगरेकोले असुल हुनु पर्ने रु | ४७००.०० | |
| | १२ | माउन्टेन टेलिभिजन काठमाडौलाई भुक्तानी गरिएको ८५०००।०० मध्ये रु ३५०००।०० को विलभरपाई तथा खर्चका प्रमाण हरु पेश नभएकोले प्रमाण पेश गर्नु पर्ने रु | ३५०००.०० | |
| | १३ | विविध खर्च वापत लोकेन्द्र विक्रम शाही लाई भुक्तानी भएको रकममा अग्रिम कर कट्टी नभएकोले असुल हुनु पर्ने रु | ९००.०० | |
| | १४ | बैठक भत्ता रु ३९१५००।०० भुक्तानी गरेकोमा कार्यपालिकाको नियमति बैठकमा कर्मचारी र जन प्रतिनिधीले बैठक भत्ता रकम बुझ्दा आर्थिक मितव्ययीता अपनाएको देखिएन । | | |
| | | **जम्मा** | **९४३३३९.००** | |

अनुसुचीः १

## नलगाड नगरपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**कर्णाली प्रदेश** **(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | नलगाड नगरपालिका | जाजरकोट | ४६०५२ | ८९१०० | ३२२५८६ | ६७३२ | ४१८४१८ | २५७९०७ | १२१२१५ | ४४०९३ | ४२३२१५ | ४१२५५ |
| २. | | | | | | | | | | | | |

अनुसुचीः २

## नलगाड नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**(रु.हजारमा)**

| सि.न. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा स)ख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नु पर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १. | जाजरकोट | नलगाड नगरपालिका | ३३ | १९ | १५५२५ | ० | ९ | १२७६ | ३३ | १० | १४२४९ | ४२० | ४७०८ | ९०८१ | ० | ० | १३७८९ | ० | ४० | ४० |

अनुसुचीः ३

## नलगाड नगरपालिकाको अद्यावधिक वेरुजू स्थिति

**(रु.हजारमा)**

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | नलगाड नगरपालिका | जाजरकोट | ५७७३ | ४०१२ | १७६१ | ० | १४२४९ | १६०१० |